आज मिति २०८२ साल माघ महिनाको १९ गतेका दिन निस्दी गाउँपालिका गाउँ कार्यपलिकाको १०१ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

का.स.श्री गम बहादुर गाहा

मिति २०८२।१०।१९ गते बसेको निस्दी गाउँपालिकाको १०१ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,राष्ट्रिय रोजगार कार्यक्रम सम्बन्धमा ।

३,म्याचिङ फण्ड सम्बन्धमा ।

४,सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०८२ पारित सम्बन्धमा ।

५,खरिद ईकाइ समिति गठन सम्बन्धमा ।

६,सूचना अधिकारी तोक्ने सम्बन्धमा ।

७,पालिकास्तरीय अनुगमन तथा मूल्यांकन समिति गठन सम्बन्धमा ।

८,विविध ।

मिति २०८२।१०।१९ गते बसेको निस्दी गाउँपालिकाको १०१ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो ।गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२. यस आ.व.२०८२।०८३ मा राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत देहाय बमोजिमका वडागत श्रमिक संख्या छनौट र बजेट विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| वडा नं. | छनौट संख्या | बजेट रकम |
|---|---|---|
| १ | ३ | २,२६,२००।- |
| २ | ७ | ५,२७,८००।- |
| ३ | ६ | ४,५२,४००।- |
| ४ | ८ | ६,०३,२००।- |
| ५ | ७ | ५,२७,८००।- |
| ६ | ५ | ३,७७,०००।- |
| ७ | ६ | ४,५२,४००।- |
| जम्मा | ४२ | ३१,६६,८००।- |

३.यस आ.व. २०८२।०८३ मा सडक बोर्ड नेपालबाट स्वीकृत रकम रु. ५,००,००० को बजेट स्थानीय सडक मर्मत संभार कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम कार्यान्वयनको लागि यस निस्दी गाउँपालिकाको गाउँसभाले स्वीकृत पुंजीगत म्याचिङ फण्ड अन्तर्गतको रकम रु. ३,००,००० समपुरक कोषको रुपमा कार्यान्वयन गर्ने साथै सो मार्फत मित्याल अरुणखोला कच्ची सडक मर्मत संभार गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. गुनासो व्यवस्थापन,सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण लगाएतका अन्य सार्वजनिक सूचना सँग सम्बन्धित कानुनी व्यवस्थाका लागि सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०८२ पारित गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत खरिद सम्बन्धी विविध क्रियाकलापहरु गर्न देहाय बमोजिमको खरिद ईकाइ समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक-श्री रेम बहादुर दिशा
सदस्य – श्री अकलेश्वर नाथ चौधरी
सदस्य – श्री गिरीराज अधिकारी

६. यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकामा कार्यरत अधिकृत साँतौ सूचना अधिकारी श्री अर्जुन खनालको सुनुवल नगरपालिकामा सरुवा भई रमाना भएकोले यस निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री हरि आलेलाई सूचना अधिकारीको जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

७.पालिका स्तरको ५ लाख वा सो भन्दा माथिको आयोजनाको अनुगमन तथा मूल्यांकनको लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

संयोजक- उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ
सदस्य – प्र.प्र.अ. श्री पूर्ण बहादुर चितौरे
सदस्य – वडा अध्यक्ष श्री मेख बहादुर सुनारी
सदस्य – कार्यपालिका सदस्य श्री हेम कुमारी सुनारी
सदस्य सचिव – योजना शाखा प्रमुख श्री अकलेश्वर नाथ चौधरी

८.देहायका विविध विषयमा सर्वसम्मत निर्णय गरियो ।

क. उज्यालो निस्दी कार्यक्रम अन्तर्गतको Street Light वितरण देहाय बमोजिम गर्ने सर्बसम्मत निर्णय गरियो ।

| वडा / गाउँपालिका | वितरण गरिने संख्या |
|---|---|
| १ | १ |
| २ | १ |
| ३ | १ |
| ४ | १ |
| ५ | १ |
| ६ | १ |

| | |
|---|---|
| ७ | १ |
| गाउँपालिका | २ |
| जम्मा | ९ |

ख.मल्चिङ प्लाष्टिक ५०% अनुदान कार्यक्रम अन्तर्गत देहाय बमोजिम वडागत आधारमा वितरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

| वडा नं. | वितरण गरिने संख्या |
|---|---|
| १ | ११ |
| २ | १६ |
| ३ | ३ |
| ४ | २२ |
| ५ | ४० |
| ६ | ३ |
| ७ | ५ |
| जम्मा | १०० |

ग. यस निस्दी गाउँपालिका अन्तर्गतका यस आ.व.२०८२।०८३ मा स्वीकृत सम्झौता हुन बाँकी आयोजनाहरुको सम्झौता माघ मसान्त सम्म अनिवार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

घ. बालमैत्री स्थानीय शासन घोषणाका लागि विशेष रुपमा सबै वडा कार्यालयहरुमा कार्यरत सबै बालमैत्री सहजकर्ताहरुको लागि प्रोत्साहन स्वरुप मासिक सञ्चार खर्च वापत रु.५०० उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।